# मुक्त फाउन्डेशन, पोखराद्वारा आयोजित प्रथम ऋग्वैदिक हिमालय अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत वक्तव्य (1st ICRH-सम्मेलन, २०८० मंसिर २१-२२ गते)

**ऋषिराम रेग्मी**
*वाल्मीकि विद्यापीठ, नेपाल संस्कृत विश्वविद्यालय*
*प्रदर्शनी मार्ग, काठमाण्डौ ।*
***ईमेल** : dr.rishiregmi@gmail.com*

## १. प्राक्कथन

सर्वप्रथम आजको मेरो वक्तव्य सम्मेलनको मूल शीर्षक '**ऋग्वैदिक हिमालय**' मा केन्द्रित नभएर वेदको मूल प्रवृत्तिमा केन्द्रित भएको कुरा जानकारी गराउँदछु । दर्शन शब्दको प्रयोग कम गर्न रुचाउने र त्यसको अध्ययनतर्फ त्यति आकर्षित नहुने म वेदका मूल ग्रन्थकोमूल प्रवृत्ति, मान्यता र औचित्यका विषयमा अध्ययन-अनुसन्धान गर्न रुचि राख्तछु । कुन स्थान, कुन समय र कुनकुन जातिको योगदानबाट कसरी वेदको प्रादुर्भाव भयो भन्ने विषयमा पनि मैले खासै रुचि राख्तिन । मैले त वेदका कुनकुन मन्त्रमा, सूक्तमा र मण्डल वा काण्डमा केके विषय प्रतिपादित छन् ? ती रत्नहरूको माला नलगाएर हामी किन बुच्चा भएका छौं ? विश्व भूमण्डलको इतिहास र राजनीतिका केस्राकेस्रा केलाउन तम्सिने हामी आफ्नै सनातन वैदिक मूल्य-मान्यता पढ्न, बुझ्न र प्रचार-प्रसार गर्न किन लजाइरहेका छौं ? भन्ने विषयमा चिन्ता र चासो व्यक्त गर्दछु, गरिरहेको छु र गरिरहने छु ।

वेद वा वैदिक परम्पराको नाम लिएर नेपाल र विश्वमा केकति सम्मेलन र कति विचारगोष्ठी सम्पन्न भए भन्ने कुराको ज्ञान मलाई छैन, तर वेदको मूल मर्ममा केन्द्रित भएर स्वतन्त्र रूपमा मैले राख्न पाएको वक्तव्य चाहिँ यो नै पहिलो हो । मलाई जानकारी भएअनुसार वेदजस्तो अत्यन्तै रहस्यमय विशाल ज्ञानराशिबाट सानो बिन्दु टप्काइदिन वेदकै आधिकारिक व्यक्तिलाई अनुरोध गरिएको विशिष्ट विद्वद्गणको विशाल सम्मेलन यो नै पहिलो हो । त्यसैले यो सम्मेलन मेरा लागि जीवनको पहिलो खुसीको दिन हो । यस्तो खुसी दिलाइदिने मुक्त फाउन्डेशन पोखराका अध्यक्ष श्री दामोदर त्रिपाठी तथा ICRH-सम्मेलन आयोजक समूहका सम्पूर्ण सज्जन महानुभाव र समस्त विद्वद्गणप्रति हार्दिक आभार प्रकट गर्दछु । अजको मेरो वक्तव्यलाई तीन खण्डमा विभक्त गरेको छु ।

### पहिलो खण्डको सारांश

**पहिलो क-खण्डमा** वेद, वेदाङ्ग, इतिहास र स्मृति-पुराणहरूको प्रादुर्भाव र विस्तार कहिलेदेखि कसरी कुन मात्रामा हुँदै गयो ? भन्ने कुरा उल्लेख गरेको छु । यसमा वैदिक वाङ्मयको प्रादुर्भाव र विस्तारको मोटामोटी काल

ई.पू. ६०००-३०० मानी संहिताग्रन्थको विकास-विस्तारका लागि ३००० वर्षको अवधि, ब्राह्मण, आरण्यक र उपनिषद्साहित्यको विकास-विस्तारका लागि १५०० वर्षको अवधि र वेदाङ्गसाहित्यको विकास-विस्तारका लागि पनि प्रायः १५०० वर्षकै अवधि निर्धारण गरिएको छ। यसपछि ईस्वीसंवत् आरम्भको आसपासदेखि दसौं शताब्दीसम्मको अवधिमा सबै पौरस्त्य दर्शन, स्मृति, पुराणहरूको रचना सम्पन्न भइसकेको र त्यसदेखि पछिको कालमा तिनै वेद-वेदाङ्ग र स्मृति-पुराणहरूमा आधारित भएर लेखिएका टीका-उपटीका, व्याख्या-विश्लेषणसहितका अनेकौं निबन्धग्रन्थ, व्याख्याग्रन्थ र कर्मकाण्डका पद्धतिग्रन्थहरूको विकास-विस्तार भएको कुरा उल्लेख छ। वेदपछिका वेदाङ्ग र इतिहास-पुराणहरूको रचना वेदको यथार्थ बुझेर त्यसलाई व्यवहारमा कार्यान्वयनका लागि भएको हो भन्ने कुरा यहाँ उल्लेख गरिएको छ। यसपछि वेदको अध्ययन-अनुसन्धान क्रमशः ह्रासोन्मुख दिशामा अगाडि बढ्दै जानुका मूलभूत कारण र यसले निम्त्याएका परिणामहरू बुँदागत रूपमा प्रस्तुत गरिएका छन्। खण्ड 'क'कै अन्त्यमा कुनै स्मृति, पुराण वा अर्वाचीन कालखण्डमा रचना गरिएका कुनै निश्चित ग्रन्थ वा त्यसका केही अंशमात्र अध्ययन गरेर वा त्यसलाई सुनेर यथार्थ ज्ञानविना वैदिक संस्कृति र सभ्यताको विश्लेषण गर्नहुँदैन। वेदप्रति अति श्रद्धा गर्ने, वेदको अनादर गर्ने र वेदको यथार्थ ज्ञान गर्न चाहने सबैले वेदको मूलस्वरूप अध्ययन गर्नैपर्छ। यसो गर्दा मात्र हामी हामी यथार्थको नजिक पुग्न सक्छौं भन्ने कुरा उल्लेख गरिएको छ।

## दोस्रो खण्डको सारांश

**दोस्रो ख-खण्डमा** वेदका संहिताग्रन्थ, ब्राह्मणग्रन्थ र आरण्यक-उपनिषद्हरूका मूल प्रतिपाद्य विषयको अति संक्षिप्त दिग्दर्शन गरिएको छ। यहाँ वेदका संहिताग्रन्थको मूल प्रतिपाद्य प्रकृतिपूजा अर्थात् प्रकृतिप्रतिको श्रद्धाभाव, आस्था र विश्वास हो भन्ने कुरा उल्लेख गर्दै प्रकृतिका महत्त्वपूर्ण तत्त्व अर्थात् वेदका प्रमुख देवता अग्नि, वायु र सूर्य हुन् भन्ने विषय सोदाहरण प्रस्तुत छ। यसपछि वेदमा अग्नि-वायु-सूर्यरूप त्रिदेवतासँगै एकदेवता (अग्नितत्त्व) र एकदेवतासँगै बहुदेवताको स्तुति गरिएको उदाहरण प्रस्तुत गर्दै वेदका अनेकौं मन्त्रमा प्रत्यक्ष दृष्ट र अनुभवजन्य प्राकृतिक तत्त्वको स्तुति गरिएको विषय उल्लेख छ। यसपछि वेदका प्रतिपाद्य अनेकौं विषयमध्ये मानवधर्म एउटा महत्त्वपूर्ण प्रतिपाद्य हो भन्ने कुरा उल्लेख गरिएको छ। यहाँ मन, वचन र कर्मको एकरूपतालाई वेदले धर्म, सत्य र ऋत भनी परिभाषित गरेको अनि धर्म र सत्यमा भेद नभएको अर्थात् सत्य बोल्नु नै धर्म हो भन्ने कुरा सप्रमाण उल्लेख भएको छ। यसै सन्दर्भमा वेदमा वर्णित नैतिक, सामाजिक र विश्वबन्धुतासम्बन्धी एकाध उदाहरण प्रस्तुत गर्दै 'एकमात्र ब्रह्म सत्य र जगत् झुटो/असत्य छ' भन्नेधारणा वेदमा नभएको तथ्य उल्लेख गरिएको छ। यसपछि ब्राह्मणग्रन्थको मूल प्रतिपाद्य यज्ञ र समर्पणभाव हो भन्ने कुराको संक्षिप्त चर्चा गर्दै उपनिषद्को मूल प्रतिपाद्य ब्रह्मविद्या भएको र यसको ज्ञान सर्वसाधारणका लागि सहज नभएको तथा उपनिषद्लाई नै मूल विद्या मान्ने परम्परा विकसित हुँदा मूल वैदिक परम्परामा प्रश्न उठ्ने विषय समेत उपनिषद्मा प्रस्तुत भएको कुरा देखाइएको छ। यस खण्डको अन्त्यमा संहिता, ब्राह्मण र उपनिषद्मध्ये सबैभन्दा सजिलो, कुनै सम्प्रदायमा नफसेको, सबैको

मूल, प्रामाणिक र विवादरहित वेदको संहिताभाग सबैका लागि ग्राह्य, अनिन्द्य, पठनीय र मननीय छ भन्ने निष्कर्ष प्रस्तुत छ।

## तेस्रो खण्डको सारांश

**तेस्रो ग–खण्डमा** वेद र स्मृति-पुराणादि ग्रन्थमा देखिने अन्तरका केही उदाहरण प्रस्तुत गरिएका छन् । तीमध्ये सर्वप्रथम वेदका संहिताग्रन्थहरूमा पूर्ण यौवन प्राप्त भएपछि कन्याको इच्छानुसार उनको विवाह हुने कुरा स्पष्ट उल्लेख भए पनि धर्मसूत्र-कालबाट यसमा शिथिलता आउँदै गर्दा स्मृतिकालमा चाहिँ यसले विकराल रूप लिएको कुरा स्मृतिवचनका उदाहरणसहित स्पष्ट पारिएको छ। अर्थात् वेदमा **बालविवाहको प्रस**ङ्ग नै उल्लेख नभए पनि स्मृतिकालमा बालविवाहले विकराल रूप लिएको प्रसङ्ग सप्रमाण उल्लेख गरिएको छ। त्यसपछि **सतीप्रथा**बारे वेद र पुराणका केही प्रसङ्ग उल्लेख गर्दै वैदिक कालमा सतीप्रथा प्रचलनमा नरहेको निष्कर्ष निकालिएको छ। यसपछि इतिहास-पुराणादि परवर्ती साहित्यमा प्रसिद्ध **रुद्रले (शिवले) विषपान गरेको प्रस**ङ्ग ऋग्वेदमा प्राप्त हुने भए पनि यो वस्तुतः हलाहल विष नभएर सूर्यात्मक रुद्रद्वारा गरिएको पार्थिव जलको पान (शोषण) हो भन्ने प्रमाण प्रस्तुत गरिएको छ। यसपछि रुद्रको (शिवजीको) आयुध **त्रिशूलका विषयमा** संक्षिप्त चर्चा गर्दै वेदमा उनको त्रिशूललाई अन्तरिक्षस्थ वैद्युताग्नि, तिर्यग्गामी सौर्याग्नि र ऊर्ध्वगामी पार्थिवाग्निका तेजको प्रतीकका रूपमा ग्रहण गरिएको निष्कर्ष निकालिएको छ। यसपछि **इन्द्र र वृत्रको सङ्घर्ष**का विषयमा निरुक्तको र वैदिक स्रोत उल्लेख गर्दै मेघान्तरवर्ती जलकण (वृत्र) र वाय्वात्मक ज्योति अर्थात् वैद्युताग्निको (इन्द्रको) पारस्परिक द्वन्द्वलाई उपमाद्वारा युद्धको आलङ्कारिक वर्णन गरिएको हो भन्ने कुरा देखाइएको छ। अर्थात् अन्तरिक्षस्थानीय वायु र मेघको द्वन्द्वबाट पृथ्वीमा वर्षा हुने कुरालाई इन्द्र र वृत्रको सङ्घर्ष भनिएको निष्कर्ष यहाँ निकालिएको छ। यस खण्डको अन्त्यमा वेदमा **यज्ञीय अग्निलाई नै सुपर्ण पक्षी गरुड भनिएको** र यज्ञलाई विष्णु भनिएको प्रसङ्ग उल्लेख गर्दै यज्ञरूप विष्णुको वहन गरी अर्थात् यज्ञको सारभाग हविलाई धूमका रूपमा वहन गरी स्वर्गीय देवतासम्म (अन्तरिक्षमा) पुऱ्याउने काम अग्निबाट सम्पन्न हुने भएकाले वेदमा **अग्निलाई विष्णुरूप यज्ञका वाहन** (गरुड पक्षी) भनिएको हो भन्ने विषय उल्लेख गरिएको छ।

## खण्ड क : वेदको प्रादुर्भाव, विस्तार र वेदाध्ययनमा आएको ह्रास

### २. वेदको प्रादुर्भाव र विस्तार

पौरस्त्य दर्शन पूर्वमीमांसाको (५००-२०० ई.पू.) अभिमतअनुसार वेद अनादि, अपौरुषेय र नित्य/शाश्वत भएकाले यिनको प्रादुर्भाव कहिले भयो भन्ने प्रश्न नै उठाउन मिल्दैन। पौराणिक मान्यताअनुसार वेद प्रत्येक कल्प, मन्वन्तर र महायुगका आदिमा विभिन्न ऋषिहरूबाट प्रचारित र विभाजित हुने गर्दछन् ।वेदका अध्येता पाश्चात्त्य विद्वान् र आधुनिक पौरस्त्य चिन्तकहरूको मतअनुसार वैदिक वाङ्मयको मोटामोटी काल ई.पू. ६०००-३०० मानिएको छ। यस अवधिमा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदका मन्त्रहरू; तत्तत् वेदसँग सम्बद्ध ब्राह्मणग्रन्थ, आरण्यक-

उपनिषद्, वेदका षडङ्गमध्ये यास्कको निरुक्त, अधिकांश श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्र, पाणिनिको अष्टाध्यायीसूत्र, रामायण, महाभारतलगायतका ग्रन्थहरूको लेखन सम्पन्न भएको मानिन्छ । पतञ्जलिको महाभाष्यलेखनकाल प्रायः ई.पू. १५० मानिन्छ । यस अवधिसम्म वेदाध्ययनमा विस्तार र विविधता उत्पन्न हुँदै जाँदा चारै वेदका शाखाको निर्माण भई यिनको (वेदको) सङ्ख्या ११३१ कायम भइसकेको कुरा उनको महाभाष्यमा उल्लेख गरिएको वचनबाट[१] स्पष्ट हुन्छ ।

यसरी वेदका अध्येता आधुनिक विद्वान्हरूको मतअनुसार आजभन्दा लगभग ८००० वर्षअघिदेखि आरम्भ भएको वेदको अध्ययन-अनुसन्धानको क्रम ३००० वर्षसम्म (ई.पू. ६०००-३०००) संहिताग्रन्थको विस्तारमा, १५०० वर्षको अवधि (ई.पू. ३०००-१५००) ब्राह्मण र आरण्यक/उपनिषद्को विस्तारमा र बाँकी प्रायः १४००/१५०० वर्षको अवधि (ई.पू. १५००-ईस्वीसंवत् आरम्भकाल) वेदाङ्गसाहित्यको विस्तारमा बितेको देखिन्छ ।

प्रायः ईस्वीसंवत् सुरुआतको आसपासबाट आरम्भ भएको स्मृति-पुराणहरूको रचनाक्रम लगभग १२०० वर्षजति (ई.पू. २००-ई.उ. १०००) रहेको बुझिन्छ । ऐतिहासिक अनुसन्धाताहरूका अनुसार यस अवधिमा सबै स्मृति र पुराणहरूको रचना भएको मानिन्छ । यसपछि ईसाको उन्नाइसौं शताब्दीसम्म तिनै वेद-वेदाङ्ग र स्मृति-पुराणहरूमा आधारित भएर लेखिएका टीका-उपटीका, व्याख्या-विश्लेषणसहितका अनेकौं निबन्धग्रन्थ, व्याख्याग्रन्थ र कर्मकाण्डका पद्धतिग्रन्थहरूको विकास-विस्तार भएको देखिन्छ ।

समग्रमा भन्दा वेद-वेदाङ्ग, इतिहास र स्मृति-पुराणजस्ता पृथक्-पृथक् कोटीका शास्त्रीय ग्रन्थहरूको लेखनक्रम आजभन्दा ८००० वर्षअघि आरम्भ भई ईस्वीसंवत्को दसौं शताब्दीसम्म चलेको र त्यसपछिपौरस्त्य वाङ्मयमा आधारित भएर गरिएका सबै अध्ययन-अनुसन्धान तिनै शास्त्रीय ग्रन्थहरूका व्याख्या-विश्लेषणमात्र भएको कुरा अध्ययनबाट अवगत हुन्छ । अर्थात् विगत हजार वर्षदेखि आफैमा पृथक् अस्तित्व बोकेका स्मृति-पुराणकै कोटीका शास्त्रीय ग्रन्थहरूको लेखन भई समाजमा नवीन शास्त्रीय धारा प्रवाहित नभएको हुँदा उपर्युक्त शास्त्रका अनुयायी वर्तमानका हामी तिनै प्रायः हजार वर्षअघिसम्म लेखिएका मूल शास्त्रमा आधारित भई हाम्रो धार्मिक-सामाजिक-सांस्कृतिक जीवन निर्वाह गरिरहेका छौं ।

वेदाङ्ग र इतिहास-पुराणहरूको रचना वेदको यथार्थ बुझेर त्यसलाई व्यवहारमा कार्यान्वयनका लागि भएको हो भन्ने कुरा यिनै ग्रन्थहरूमा उद्घोष गरिएको छ[२] । वेदसँग तुलना गर्न मिल्ने कुनै पनि शास्त्र संसारमा नभएको[३], वेद नै सबै

---

[१] एकशतमध्वर्युशाखाः सहस्रवर्त्मा सामवेद एकविंशतिधा बाह्वृचं नवधाऽऽथर्वणो वेदः -व्या.म.भा. १.१.१ ।

[२] • इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत् । बिभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति ॥ -महाभारत, आदिपर्व १.२६७-२६८ ।

• रक्षोहागमलघ्वसन्देहाः प्रयोजनम् -व्या.म.भा. १.१.१ ।

[३] • न वेदशास्त्रादन्यत् तु किञ्चिच्छास्त्रं हि विद्यते -बृहद्योगियाज्ञ.स्मृ. १२.१ ।

• न वेदेन समं शास्त्रम् -पद्मपु. पातालखण्ड ९४.३७ ।

धर्म र प्रमाणको मूल[४], समग्र शास्त्रको मूल; पितृ, देवता र मनुष्यको सनातन चक्षु[५] (नेत्र, आँखा), समग्र प्राणीको धारक (पालक) तथा मानवका चारै पुरुषार्थ प्राप्त गर्ने प्रमुख साधन[६] भएकाले सबै द्विजातिले वेदको अध्ययन-अनुसन्धान अनिवार्य गर्नुपर्छ[७] र त्यसो नगरे उसको अस्तित्व नै समाप्त हुन्छ[८] भन्ने मूल मान्यता स्मृति-पुराणादि ग्रन्थरचनाको कालसम्म पनि रहेको देखिन्छ।

### ३. वेदको अध्ययन–अनुसन्धानमा ह्रास

वेदको समाजपरक अध्ययन-अनुसन्धान क्रमशः ह्रासोन्मुख दिशामा अगाडि बढ्दै जानुका मूल कारणहरू अनेकौं हुन सक्छन्। तीमध्ये केही निम्नलिखित कारणले गर्दा वेदको समीक्षात्मक अनुसन्धान-विश्लेषण गर्नेपाटो कमजोर भएको अनुमान गर्न सकिन्छ :

- ४ वेदका ११३१ शाखामध्ये स्वशाखीय वेदको मात्र अध्ययन गर्नुपर्छ भन्ने परम्परागत मान्यताका कारण नेपालमा शुक्लयजुर्वेद माध्यन्दिन नामको एक शाखामात्र प्रचलनमा आउनु र अन्य वेद कसैले नपढ्नु।
- वेदको प्रादुर्भाव नै यज्ञका लागि भएको हो[९], यज्ञ नै धर्म हो[१०], धर्म नै वेदको प्रतिपाद्य हो र यज्ञ गर्ने व्यक्ति नै धार्मिक हो[११] भन्ने पूर्वमीमांसादर्शनको मान्यताले (५००-२०० ई.पू.) समाजमा जरो गाड्नु।
- यस दर्शनकै प्रभावमा परी वेदका अध्येता प्रायःसबै विद्वान्हरू यज्ञ गर्ने र गराउने काममा मात्र प्रवृत्त भई स्वर्गीय सुखको मात्र चाहनामा रमाउनु।
- यसै बीचमा विकसित वेदान्त दर्शनको 'ब्रह्म सत्यं जगन्मिथ्या' भन्ने धारणा बौद्धिक जमातमा व्याप्त भई तिनबाट उपनिषद्का मीठा कथावस्तुमा मात्र रमाउने र मूल वेदको वस्तुगत अध्ययन-अनुसन्धानलाई ओझेलमा पार्नेकाम हुनु।

---

- नास्ति वेदात्परं शास्त्रम् -महा.अनु. १०६.६५; अत्रिस्मृ. १५१ पद्य (आनन्दाश्रम); भविष्यपु. १.१४७.४१।
- वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः। वेदो नारायणः साक्षात् स्वयम्भूरिति शुश्रुम ॥-भाग. ६.१.४०।

[४] वेदोऽखिलो धर्ममूलम् -मनु. २.६। वेदाद् धर्मो हि निर्बभौ -मनु. ५.४४। धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः -मनु. २.१३।

[५] पितृदेवमनुष्याणां वेदश्चक्षुः सनातनम् (मनु. १२.९४।

[६] **बिभर्ति सर्वभूतानि वेदशास्त्रं सनातनम्। तस्मादेतत् परं मन्ये यज्जन्तोरस्य साधनम् ॥(मनु. १२.९९।**

[७] ब्राह्मणेन निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयो ज्ञेयः -व्या.म.भा. १.१.१।

[८] योऽनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम्। स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः ॥ -मनु. २.१६८।

[९] आम्नायस्य क्रियार्थत्वादानर्थक्यमतदर्थानां तस्मादनित्यमुच्यते -मी.सू. १.२.१।

[१०] वेदबोधितेष्टसाधनताको धर्मः, यथा यागादिः -मीमांसापरिभाषा, पृ. १३।

[११] यो हि यागमनुतिष्ठति तं धार्मिक इति समाचक्षते। यश्च यस्य कर्ता स तेन व्यपदिश्यते। यथा पाचको लावक इति। तेन यः पुरुषं निःश्रेयसेन सयुनक्ति, स धर्मशब्देनोच्यते -शाबरभाष्य, पू.मी. १.१.२।

- एउटै दर्शनभित्र पनि अनेकौं वाद र सिद्धान्त खडा भई शैव-वैष्णव-शाक्तप्रभृति अनेकौं सम्प्रदायको जन्मले पढेलेखेका विद्वान्हरू वेदको समाजपरक अध्ययन-अनुसन्धानमा भन्दा आ-आफ्नै सम्प्रदायको सुरक्षा र वृद्धिमा तल्लीन भई अन्य सम्प्रदाय वा सिद्धान्तका विद्वान्हरू बीच बुद्धिविलासमा रमाउनु (ई.पू. ५००-ई.उ. ५००)।

- वेदप्रति अतिशय श्रद्धा प्रकट गरी यिनलाई अपौरुषेय अनादि र अति पवित्र धार्मिक ग्रन्थका रूपमा मात्र स्वीकार्नेपरम्परा विकसित हुँदै जानु।

- फलतः धार्मिक/सांस्कृतिक क्रियाकलापका अवसरमा (जस्तै : एकाह, सप्ताह, नवाहजस्ता पुराणपाठ, विवाह-व्रतबन्ध जस्ता संस्कारका बेला) वेद-पुराणका मन्त्र/श्लोकमात्र पाठ गर्दा पारलौकिक सुखभोग गर्न पाइने परम्परा समाजमा रूढ हुँदै जानु[१२]।

- वेदमा इतिहास-पुराणहरूमा जस्तै कुनै पात्र वा विषयका बारेमा सिलसिलेवार आख्यान नहुने भएकाले यसका विषयवस्तु सर्वसाधारणका लागि आकर्षक नहुनु।

- इतिहास-पुराणहरूमा चाहिँ आकर्षक कथावस्तु रहने भएकाले सर्वसाधारणको ध्यान वेदभन्दा त्यतातिर आकर्षित हुनु।

- फलतः वेदभन्दा पुराणकै (त्यसमा पनि भागवतपुराणकै) पाठ-पारायण, चिन्तन-मनन, गुणगान र प्रचार-प्रसारमा धार्मिक गुरुहरू, सज्जनवृन्द र सर्वसाधारण लोक रमाएको अवस्था वर्तमानमा समेत रहेको।

- दार्शनिक गुरु बन्न चाहनेहरू चाहिँ यसभन्दा केही अगाडि बढेर भगवद्गीता र एकाध उपनिषद्का अनुवादहरूमा रमाइरहेको अवस्था।

### ३.१. **यसले निम्त्याएका परिणाम**

उपर्युक्त विविध कारणले वेदको अध्ययन-अनुसन्धानमा आएको ह्रासबाट निम्नलिखित परिणाम निम्तिएको देखिन्छ :

- वेद प्रत्येकका घरघरमा राख्ने तर कसैले नहेर्ने, प्रत्येकले पूज्ने तर कसैले नपढ्ने, हरेक संस्कार र अनेक कर्ममा वेद पढाउने तर कसैले त्यसको अर्थ र मर्म नबुझ्ने, भागवत पुराणको पारायण गर्न विशिष्ट विद्वान् चाहिने तर वेद पढ्न अक्षर चिनेको मात्र भए पुग्ने, भागवत पुराणका कथा (विशेषतः कृष्णचरित्र) घरघरका गृहिणीले पनि बुझ्ने तर वेदका अर्थ सबै शास्त्र पढेको विद्वान्ले पनि नबुझ्ने अनि वर्तमानमा सर्वत्र देखिने र सुनिने संस्कृत गुरुकुल विद्यालयका नाममा चिनिने अधिकांश विद्यालयको नाम वेद-वेदाङ्ग संस्कृत विद्यालय... इत्यादि

---

[१२] यस्तन्न वेद किमृचा करिष्यति -ऋ. १.१६४.३९। जसले अर्थ नबुझीकन वेदका ऋचामात्र पढ्छ, त्यस्ता अध्ययनको कुनै प्रयोजन हुँदैन।

राखिने तर त्यहाँ वेदार्थको त कुरै नगरौं, वेदका मन्त्रसमेत शुद्ध नपढाइने । यस्तै प्रकृतिका कतिपय आवासीय गुरुकुलहरूमा त भोजन गर्नुअघि प्रत्येक विद्यार्थीले वेदका पूरै सूक्त अशुद्ध र नियमविपरीत भए पनि पढ्नैपर्ने तर ती सूक्त र मन्त्रको आशय पढाउने गुरुहरूले समेत बुझ्नै नपर्ने अवस्था वर्तमानमा सर्वत्र विद्यमान छ ।

- जुनसुकै विषयलाई पनि वेदसँग जोड्दै जाँदा पितृमुक्ति महायज्ञ, अशास्त्रीय कोटिहोम, कालसर्पयोग, झारफुक/तन्त्रमन्त्रजस्ता अनेकौं अवास्तविक कल्पनालाई समेत वैदिक भनिदिएर वेदको महत्त्व र विषयगम्भीरतामा धमिलो पानी मिश्रण गर्ने दुष्प्रयास भएकोछ ।

- वेदको वा कुनै पनि शास्त्रको मूल मर्ममा प्रवेश नै नगर्ने तर त्यससँग आफ्नो सम्बन्ध देखाउन/गाँस्न खोज्ने गगनविहारी विद्वान्हरूको मनोबल उच्च हुँदै जाँदा वा उनीहरूमाथि कसैले पनि शास्त्रीय प्रश्न उठाउन नसक्ता/नचाहँदा वेदको यथार्थ अध्ययन अनुसन्धान लोप हुँदै गएको दुरवस्थाछ ।

## ४. वेदाध्ययनको आवश्यकता

कुनै स्मृति, पुराण वा अर्वाचीन कालखण्डमा रचना गरिएका कुनै निश्चित ग्रन्थ वा त्यसका केही अंशमात्र अध्ययन गरेर वा त्यसलाई सुनेर यथार्थ ज्ञानबिना वैदिक संस्कृति र सभ्यताको विश्लेषण गर्नखोज्यौं अथवा लामो कालखण्डमा विविध कारणले क्रमशः विकृत हुँदै आएका आफ्ना परम्परा, संस्कृति, धार्मिक-सामाजिक क्रियाकलापहरूलाई पनि बिना विश्लेषण र बिना आधार वेदसँग जोडेर हेर्न खोज्यौं भने हामीले सरासर वेदप्रति ठूलो अन्याय गरेका हुनेछौं । त्यसैले वेदप्रति अति श्रद्धा गर्ने, वेदको अनादर गर्ने र वेदको यथार्थ ज्ञान गर्न चाहने सबैले वेदको मूलस्वरूप अध्ययन गर्नैपर्छ । उदाहरणका लागि निकै पछिल्लो कालखण्डमा रचना गरिएका पद्मपुराण, गरुडपुराण र केही स्मृतिमा विभिन्न कारणले प्रशंसा गरिएको **सतीप्रथा** र विभिन्न स्मृति-पुराणमा प्रशंसित **बालविवाह** मूल वैदिक परम्परा र संस्कृतिका विरोधी विषय हुन् । अतः वर्तमान समाजमा अपाच्य यस्ता संस्कृतिको जरो पत्ता लगाई यथार्थ विश्लेषण गर्न वेदको अध्ययन-अनुसन्धान जरूरी हुन्छ ।

देवताको सुरक्षा गर्न बनाइएको मन्दिर हेरेर, मन्दिरको सुरक्षा र रमणीयताका लागि रचना गरिएको त्यहाँको वातावरणमा रमाएर मन्दिरका देवताबाट प्राप्त हुने आशीर्वाद लिन सकिंदैन । आशीर्वाद लिन जसरी मन्दिरभित्रैका देवताको दर्शन आवश्यक हुन्छ त्यसरी नै वेद नपढीकन वेदको सुरक्षा र अर्थज्ञानका लागि रचना गरिएका स्मृति-पुराण र वेदाङ्गशास्त्रको मात्र अध्ययनबाट वेदको रहस्य वा वास्तविकता पत्ता लगाउन सकिंदैन । वेद नै नपढी वैदिक दर्शनको वेत्ता बन्न खोज्नु, स्मृतिलेखनको यथार्थ र इतिहास-पुराणका कथाको वास्तविकता नबुझी कथाको आलङ्कारिक उक्तिलाई नैयथार्थ ठान्नु आँखा चिम्लिएर छामिएको हात्तीको वास्तविक स्वरूप पत्ता लगाउन नसकेजस्तै हो । उदाहरणका लागि **समुद्रमन्थन**, त्यसबाट उत्पन्न **विष शिवको भोजन** (शिवजीद्वारा गरिएको विषपान), **शिवको त्रिशूल, देवासुर सङ्ग्राम, इन्द्रद्वारा वृत्रासुरको वध, आकाशमा उड्ने पक्षिराज गरुड विष्णु भगवान्का वाहन** भनी आलङ्कारिक ढंगले अनेक पुराणहरूमा अनेक प्रकारले वर्णन गरिएका विषयलाई वेदका आधारमा बुझ्न खोज्यौं भने हामी यथार्थको नजिक पुग्न सक्छौं ।

## खण्ड ख : वेदको (संहिताको) मूल प्रतिपाद्य प्रकृतिपूजा

वेदको मूल प्रतिपाद्य प्रकृतिपूजा हो । प्रकृतिपूजा भनेको चन्दन-अक्षताले पूजा गर्ने भन्ने नभएर प्रकृतिको सम्मान, संरक्षण, गुणगान, महत्त्व, प्रकृतिप्रतिको श्रद्धाभाव, आस्था र विश्वास हो । यस्ता भाव प्रकट भएका हजारौं मन्त्रराशि वेदका प्रत्येक स्थलमा भेटिन्छन् । (जस्तै : पृथिवीसूक्त र त्यस्तै प्रकृतिका अनेकौं मन्त्रमा पृथ्वीको, जलसूक्तमा जलको, सूर्यसूक्तमा सूर्यको, अग्निसूक्तमा अग्निको, सोमसूक्तमा चन्द्रमाको गुणगान र महत्त्व उल्लेख) ।

प्रकृति सुरक्षित हुँदामात्र हामी संरक्षित हुन्छौं भन्ने विशिष्ट महत्त्वको कुरा राम्ररी बुझेका वैदिक ऋषिहरूले 'अग्निमीडे पुरोहितम्, अग्न आयाहि वीतये, इषे त्वा ऊर्जे त्वा' इत्यादि उद्घोषसहित सबै वेदको आरम्भप्रकृतिपूजाबाट (अग्नितत्त्वको स्तुतिबाट) गरेका छन् ।

### ५. प्रकृतिका महत्त्वपूर्ण तत्त्व अग्नि

**प्रकृतिको सबैभन्दा महत्त्वपूर्ण तत्त्व अग्नि भएकाले ऋग्वेदको प्रारम्भमा नै यिनलाई यज्ञका पुरोहित (अभीष्टसम्पादक) होता नामक ऋत्विक् र यज्ञको फलरूप रत्नका धारक देवता भनी स्तुति गरिएको छ :**

**अग्निमीडे पुरोहितं यज्ञस्य देवमृत्विजम् । होतारं रत्नधातमम् ॥**

सबै देवताभन्दा पहिला अग्निको जन्मभएकाले यिनको नाम 'अग्नि' रहेको, देवताको मुख पनि अग्नि नै भएकाले यिनलाई सबै देवताका होता (आह्वानकर्ता) भनिएको, जन्म-कर्मादि विभिन्न हिसाबले सबै देवतामध्ये अग्निको स्थान प्रथम भएकाले यिनलाई सबै देवताको प्रतिनिधि र सृष्टिकर्ता भएकाले अग्निलाई ब्रह्मा पनि मानिएको कुरा वेदका ब्राह्मणग्रन्थहरूमा वर्णित छ ।

### ६. वेदका प्रमुख देवता अग्नि, वायु र सूर्य

वेदका प्रमुख देवता अग्नि (पृथिवीस्थानीय), वायु वा इन्द्र (अन्तरिक्षस्थानीय) र सूर्य (द्युस्थानीय) । अत एव वेदका अधिकांश मन्त्रमा अग्नि, सूर्य र इन्द्रको स्तुति ।

ऋग्वेदको आरम्भ र अन्त्य अग्निको स्तुतिबाट :

अग्निमीडे पुरोहितं यज्ञस्य देवमृत्विजम् । होतारं रत्नधातमम् ॥

ऋग्वेदको ८-९ मण्डलबाहेक सबै मण्डलको आरम्भ अग्निकै स्तुतिबाट भएको ।

सामवेदको आरम्भ अग्निकै स्तुतिबाट :

अग्न आयाहि वीतये गृणानो हव्यदायते । नि होता सत्सि बर्हिषि ॥

यजुर्वेदका सबै संहिता सूर्यकै प्रार्थनाबाट आरम्भ भएका >

इषे त्वोर्जे त्वा वायवस्थ देवो वः सविता प्रार्पयतु श्रेष्ठतमाय कर्मणे (मा.सं. १.१, केही पाठभेदसहित अन्य पनि) ।हे सविता (सूर्यदेव) ! अन्न-जलादि पदार्थ र ऊर्जा बल/शक्ति/फूर्ति प्राप्तिका लागि हामी तिम्रो उपासना गर्दछौं ।तिमी हामीलाई श्रेष्ठतम कर्ममा प्रवृत्त गराऊ ।

मा.सं.को अन्त्य सूर्यकै प्रार्थनाबाट >

हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् । योऽसावादित्ये पुरुषः सोऽसावहम् ॥ (४०.१७) ।

काण्वसंहिताको अन्त्य अग्निकै प्रार्थनाबाट >

अग्ने नय सुपथा राये... (४०.१८) ।

अथर्वमन्त्रका प्रमुख द्रष्टा (जसका नामबाट प्रायः ५० प्रतिशत मन्त्र दृष्ट छन्) ब्रह्माका ज्येष्ठ सुपुत्र अथर्वा ऋषि अग्निका प्रथम अन्वेषक र पूजक भएकाले अथर्ववेदीय मन्त्रहरूमा स्वभावतः अग्निको स्तुति र गुणगान अवर्णनीय नै छ ।

यसरी चारै वेदमा मूलतः अग्नि, सूर्य र इन्द्रको स्तुति भएकाले अनि यी नितान्त प्राकृतिक तत्त्व भएकाले वेदका संहिताग्रन्थहरूमा प्रकृतिपूजा अर्थात् प्राकृतिक तत्त्वको स्तुति मुख्य प्रतिपाद्य बनेको कुरामा विमति राख्नुपर्ने अवस्थाको पुष्टि कहींबाट हुँदैन ।

### ७. देवस्तुतिका विशाल कोष संहिता

वैदिक संहिताका प्रत्येक मन्त्रमा उपर्युक्त तीन अग्नितत्त्वसँग सम्बद्ध अनेक देवी-देवता र पृथ्वी, जल, तेज, वायु, प्राण, आदित्यमय ब्रह्म, आदित्यमय पुरुष, हिरण्यगर्भजस्ता अनेकौं प्राकृतिक तत्त्वको वर्णन गरिएको छ ।

वेदमा अग्नि-वायु-सूर्यरूप त्रिदेवतासँगै एकदेवता (अग्नितत्त्व) र एकदेवतासँगै बहुदेवताको स्तुति प्रसङ्गात् गरिएको छ :

**इन्द्र मित्रं वरुणमग्निमाहुरथो दिव्यः स सुपर्णो गरुत्मान् ।**
**एकं सद्विप्रा बहुधा वदन्त्यग्निं यमं मातरिश्वानमाहुः ॥** (ऋ. १.१६४.४६)

यस मन्त्रको अर्थः यिनै आदित्य ऐश्वर्यविशिष्ट हुँदा इन्द्र, सहयोगी हुँदा मित्र, पापनिवारण गर्दा वरुण (रात्रिका अभिमानी देवता), स्वर्गादि फलप्रापक बन्दा अग्नि, द्युलोकमा रहँदा दिव्य सुपर्ण पक्षीसदृश छन् भन्दछन् । वस्तुतः तत्त्व एउटै हुँदा पनि देवतत्त्वविद् विप्रहरू अग्नितत्त्वकै कार्यकारण भेदले गर्दा यिनैलाई वृष्ट्यादिका कारणभूत वैद्युताग्नि, सबै पदार्थका नियन्ता यम, अन्तरिक्षमा सञ्चरित मातरिश्वा (वायु) इत्यादि अनेकौं नामले चिन्दछन् ।

**माता भूमिः पुत्रो अहं पृथिव्याः, आपो अस्मान् मातरः, प्राणाय नमो यस्य सर्वमिदं वशे, वायवः स्थ देवो वः, सहस्रशीर्षा पुरुषः, हिरण्यगर्भः समवर्तताग्रे** जस्ता वेदका अनेकौं मन्त्रमा प्रत्यक्ष दृष्ट र अनुभवजन्य प्राकृतिक तत्त्वको स्तुति गरिएको ।

> **अग्निर्देवता वातो देवता सूर्यो देवता चन्द्रमा देवता वसवो देवता रुद्रा देवताऽऽदित्या देवता मरुतो देवता बृहस्पतिर्देवतेन्द्रो देवता वरुणो देवता**...यजु. १४.२० ।

## ८. वेदको अर्को प्रतिपाद्य मानवधर्म

वेदले मन, वचन र कर्मको एकरूपतालाई धर्म, सत्य र ऋत भनी परिभाषित गरेको छ[१३] । हामी सर्वसाधारणले बुझ्ने गरेको र मानीआएको धर्मको परिभाषा वेदमा भेटिँदैन । यहाँ कुनै सम्प्रदाय भेटिँदैन, केवल धर्म भेटिन्छ ।

> **स धर्मः सत्यं वै तत्, तस्मात् सत्यं वदन्तम् आहुर्धर्मं वदतीति । धर्मं वा वदन्तं सत्यम् वदतीति, एतद्धि एव एतदुभयं भवति** (श.ब्रा. १४.४.२.२६) ।

**यस वचनको अर्थ** : धर्म भनेकै सत्य (यथार्थ) हो, अतः जो सत्य बोल्छ त्यसलाई धर्म (यथार्थ) बोलेको भनिन्छ। जसले धर्म (यथार्थ) बोलेको हुन्छ त्यसलाई सत्य बोलेको भनिन्छ, किनकि सत्य र धर्म भनेको एउटै कुरा हो। अर्थात् सत्य बोल्नु नै धर्म गर्नु हो भने धर्म भनेकै सत्य बोल्नु हो । वेदले सबै मानवजातिलाई हामी भन्न सिकाएको छ, म भन्न होइनः **भद्रं कर्णेभिः**

> **शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः** (शु.य. २५.२१) । हे देवता ! हाम्रा कानले कल्याणकारी कुरा सुनून्, हाम्रा आँखाले कल्याणकारी कुरा देखून् । वेदले सबै मानवलाई सय वर्ष बाँच्न सिकाएको छ अल्पायुमै इहलीला समाप्त गर्न होइन :
>
> **पश्येम शरदः शतम्, जीवेम शरदः शतम्, शृणुयाम शरदः शतम्, प्रब्रवाम शरदः शतम्, अदीनाः स्याम शरदः शतम्, भूयश्च शरदः शतात्** (शु.य. ३६.२४) ।

वेदले हाम्रो वर्तमान पुस्ता वा केही हजार वर्षका पुस्ताले मात्र यो भूमण्डलमा विचरण गरून् भन्दैन, वेदले त युगौं युगसम्म समान गतिमा समग्र प्राणीमात्रको अस्तित्व कायम रहोस् भन्ने कामना गर्दछ, न कि थोरै समयमा धेरै प्राणीलाई डाइनोसरको हालतमा पुऱ्याउन ।

भूमिलाई माता र पर्जन्यलाई (मेघलाई) पिताका रूपमा स्वीकार्दै[१४] विभिन्न भाषा बोल्ने तथा विभिन्न धर्म मान्ने

---

[१३] यद्धि मनसा ध्यायति तद् वाचा वदति तत् कर्मणा करोति (तै.सं. ६.१.७.४)। यदन्तरं तद्बाह्यं यद्बाह्यं तदन्तरम् (अ.सं. २.३०.४)।

[१४] माता भूमिः पुत्रो अहं पृथिव्याः पर्जन्यः पिता -अ.सं. १२.१२ ।

विशाल विश्वका समग्र मानवलाई एउटै घरका सन्तान[१५] र एउटै गुँडमा बस्ने चराका रूपमा[१६] चित्रित गर्दैवेदले कुनै राष्ट्रविशेष र जातिविशेषलाई होइन, भूमण्डलका समग्र मानव जातिलाई पारस्परिक सहयोग र अनुरागको मालामा गाँसिन सिकाएको छ।

वेदले मानवेतर प्राणीहरूको अस्तित्व मेटाउन होइन, पृथ्वीतलमा सबै प्राणीको अस्तित्व र महत्त्व बोध गर्न सिकाएको छ।

*अनागोहत्या वै भीमा (अ.सं. १०.१.२९)।*

निर्दोष पशु वा कुनै पनि जीवजन्तुको हत्या भयंकर हुन्छ, अतः यस्ताको हत्या गर्नु हुँदैन।

*इमं मा हिंसीरेकशफं पशुम् (शु.य. १३.४८)।*

एक खुरयुक्त पशुको (घोडा, खच्चरादिको) हिंसा नगर।

*इमं मा हिंसीद्विपादं पशुम् (शु.य. १३.४७)।*

दुई पादयुक्त पशुको पनि हिंसा नगर।

*इमं मा हिंसीरदितिं विराजम् (शु.य. १३.४३)।*

अदिति र विराट्-रूपी गाईको हिंसा नगर।

*घृतं दुहानामदितिं ... मा हिंसीः (शु.य. १३.४९)।*

हामीलाई दूध र घिउ दिने अदितिको (गाईको) हिंसा नगर।

*यो अर्वन्तं जिघांसति तमभ्यमीति वरुणः (शु.य. २२.५)।*

घोडालाई मार्न चाहनेसँग वरुण क्रोधित हुन्छन्।

मैले बुझेको वैदिक दर्शन यस्तैयस्तै प्रकृतिको हो '**ब्रह्म सत्यं जगन्मिथ्या**' (एकमात्र ब्रह्म सत्य र जगत् झुटो/असत्य छ -वेदान्तसन्दर्भ, पृ. ३७८) भन्ने वेदान्तदर्शन मैले बुझ्दिन। किनकि वेदमा जगत् मिथ्या हो भन्ने कुरा कहींउल्लेख छैन, बरु वेदमा आकाश, पृथिवी, पर्वतशृङ्खला र समग्र जगत् स्थिर[१७], अविनाशी, स्थायी, शाश्वत भएकाले प्रलयकालमा समेत सूर्य, चन्द्रमा, पृथिवी, अन्तरिक्ष र द्युलोकको नवीन सृष्टिविधाताले पनि गर्न नसक्नेकुरा वर्णित छ[१८]।

## ९. ब्राह्मणग्रन्थको मूल प्रतिपाद्य यज्ञ र समर्पणभाव

यज्ञ र समर्पणभाव वैदिक समाजका प्राणतत्त्व हुन्। वस्तुतः यज्ञ भनेको समुचित पात्रका लागि उचित वस्तुको त्याग

---

[१५] जनं बिभ्रती बहुधा विवाचसं नानाधर्माणं पृथिवी यथौकसम् -अ.सं. १२.४५।

[१६] विश्वं भवत्येकनीडम् -मा.सं. ३२.८। यत्र विश्वं भवत्येकरूपम् -अ.सं. २.१.१।

[१७] ध्रुवा द्यौर्ध्रुवा पृथिवी ध्रुवासः पर्वता इमे। ध्रुवं विश्वमिदं जगद् ध्रुवो राजा विशामयम्॥ -ऋ. १०.१७३.४।

[१८] सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत्। दिवं च पृथिवीं चान्तरिक्षमथो स्वः॥ -ऋ. १०.१९०.३।

हो[१९] र त्यागको अर्थ स्वत्वनिवृत्ति अर्थात् निःस्वार्थ रूपमा गरिने दान हो। दानमा सधैं श्रद्धा र समर्पणभाव रहेको हुनुपर्छ[२०]। त्यसैले यज्ञको अर्थ त्याग, समर्पण, देवपूजा, उपासना, दान, परोपकार इत्यादि हुन्छ।

वेदमा दान र यज्ञको महत्त्व अत्यधिक मात्रामा बताइएको पाइन्छ[२१]। जसले अरूलाई दान दिन्छ, त्यस्ता व्यक्तिलाई मणि-मुक्तादि सारा समृद्धिका वस्तुहरू प्राप्त हुन्छन्, उसमा सूर्य आदि द्युलोकवासी देवताको कृपा रहन्छ र उसले दीर्घायु प्राप्त गर्दै अन्त्यमा जरा-मरणशून्य स्थान अर्थात् मोक्ष प्राप्त गर्दछ[२२]। अरूलाई दान दिंदा आफूलाई पनि अरूले दिन्छ, अरूलाई विश्वास गर्दा आफूलाई पनि अरूले विश्वास गर्छन्, अरूलाई सम्मान गर्दा आफूपनि अरूबाट सम्मानित भइन्छ[२३]। आफ्नो धन धार्मिक कार्यमा खर्च पनि नगर्ने, दीन-दुखी, इष्टमित्रलाई पनि नदिने स्वार्थी, अनुदार र पापी व्यक्तिले लौकिक र पारलौकिक कुनै सुख प्राप्त गर्न सक्तैनन्[२४] भन्ने सामाजिक आदर्शका अनगिन्ती उद्घोष वेदमा प्राप्त हुन्छन्।

यसरी दान वा पारस्परिक सहयोग, समर्पण र अनुरागमा बाँधिएको वैदिक समाजमा यज्ञलाई संसारका समग्र प्राणी र द्युलोकनिवासी देवताहरूको आत्मा भनिएको छ[२५]। यज्ञ विष्णु[२६], आदित्य[२७], प्रजापति[२८] इत्यादि देवताको स्वरूप र संसारको पहिलो एवं मुख्य धर्म[२९] भएकाले मानवजातिको पहिलो, मुख्य र श्रेष्ठतम कर्म पनि यज्ञ नै हो[३०] भन्ने कुरा वेदमा उद्घोष गरिएको छ। अग्निमा दिइएको हवि धुवाँमा परिणत भई वायुका सहायताबाट

---

[१९] यज्ञं व्याख्यास्यामः, द्रव्यं देवता त्यागः -का.श्रौ. १.२.१-२।

[२०] श्रद्धया देयम्, अश्रद्धयाऽदेयम् -तै.आ. ७.११.३, तै.उ. १.११.३।

[२१] दानमिति सर्वाणि भूतानि प्रशंसन्ति। दानेन द्विषन्तो मित्रा भवन्ति दाने सर्वं प्रतिष्ठितम्, तस्माद्दानं परमं वदन्ति...यज्ञेन द्विषन्तो मित्रा भवन्ति, यज्ञे सर्वं प्रतिष्ठितम्।-तै.आ. १०.७८ (६२).१ र ७९(६३).१।

[२२] दक्षिणावतामिदिमानि चित्रा दक्षिणावतां दिवि सूर्यासः। दक्षिणावन्तो अमृतं भजन्ते दक्षिणावन्तः प्र तिरन्त आयुः॥-ऋ. १.१२५.६।

[२३] देहि मे ददामि ते नि मे धेहि नि ते दधे। निहारं च हरासि मे निहारं नि हराणि ते स्वाहा॥-मा.सं. ३.५०।

[२४] मोघमन्नं विन्दते अप्रचेताः सत्यं ब्रवीमि वध इत् स तस्य। नार्यमणं पुष्यति नो सखायं केवलाघो भवति केवलाघी॥-ऋ. १०.११७.६।

[२५] सर्वेषां वा एष भूतानां सर्वेषां देवानामात्मा यद्यज्ञः -श.ब्रा. १४.३.२.१।

[२६] यज्ञो वै विष्णुः -तै.सं. ३.५.१.४।

[२७] स यः स विष्णुः, यज्ञः सः, स यः स यज्ञः, असौ सऽआदित्यः -श.ब्रा. १४.१.१.६।

[२८] यज्ञो यत् प्रजापतिः -श.ब्रा. ४.३.४.३; गो.ब्रा. २.४.१२।

[२९] यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् -ऋ. १.१६४.५०, १०.९०.१६; मा.सं. ३१.१६; तै.सं. ३.५.११.५; तै.आ. ३.२.७; श.ब्रा. १०.२.२.३; अ.सं. ७.५.१। यो हि यागमनुतिष्ठति तं धार्मिक इति समाचक्षते। यश्च यस्य कर्ता स तेन व्यपदिश्यते। यथा पाचको लावक इति। तेन यः पुरुषं निःश्रेयसेन सयुनक्ति, स धर्मशब्देनोच्यते -शाबरभाष्य, पू.मी. १.१.२।

[३०] यज्ञो वै श्रेष्ठतमं कर्म -श.ब्रा. १.७.१.५।

सूर्यतर्फगएर बादलका रूपमा समस्त अन्तरिक्षमा व्याप्त हुन्छ । सूर्यका प्रभावबाट मेघ-मण्डलमा पुगेको हवि (बादल) वर्षाका रूपमा पुनः पृथिवीमा फर्केपछि यहाँ अन्नादि पदार्थ उत्पन्न हुन्छन् र यसबाट समग्र प्राणीको रक्षा हुन्छ[३१] । यसअतिरिक्त **अग्निमा दिइएको हविबाट पार्थिव पदार्थ, वायु र सूर्यका किरण पनि शुद्ध हुन्छन्।** हविबाट देवता तृप्त भई उनीहरूले मानव-समाजको कल्याण गर्दछन् र यज्ञको अनुष्ठानबाट यजमानलाई स्वर्गरूप फल पनि प्राप्त हुन्छ। यज्ञमा देवताको पूजा-आराधना गर्दा याजकमा पनि देवत्व प्राप्त हुन्छ। यसप्रकार यज्ञमा अनेक किसिमका विशेषता र महत्त्व अन्तर्निहित भएका हुँदा वैदिक समाजले यज्ञ अर्थात् आदान-प्रदानको संस्कृतिलाई अत्यन्त महत्त्व दिएको छ।

### १०. उपनिषद्को मूल प्रतिपाद्य ब्रह्मविद्या

उपनिषद्मा उपदिष्ट ब्रह्मतत्त्वको ज्ञान अत्यन्त दुरूह भएकाले यसको अध्ययन एकान्त वा निर्जन स्थानमा (रहस्मा) गर्नुपर्ने। अत एव यसको नाम **रहस्यविद्या**।

- ब्रह्मविषयक ज्ञान दिने भएकाले यसलाई **ब्रह्मविद्या** भनियो।
- परमात्मविषयक ज्ञान दिने भएकाले अर्थात् अक्षरब्रह्म/परब्रह्मको (अविनाशी तत्त्वको) ज्ञान दिने भएकाले उपनिषद्लाई **पराविद्या**[३२] भनियो भने वेद-वेदाङ्गलाई **अपराविद्या**।
- जुन तत्त्वको ज्ञान भएपछि सबै बुझिन्छ वा बुझ्नुपर्ने केही बाँकी रहँदैन, त्यो पराविद्या हो भने तद्भिन्न शब्दराशि अपराविद्या हो भनेर **परब्रह्मको ज्ञान नै सबैथोक हो भन्ने धारणा उपनिषद्मा व्याप्त**।

सा विद्या या विमुक्तये (विष्णुपु. १.१९.४१) भन्ने मान्यताका साथ अज्ञाननिवर्तक र मोक्षप्रतिपादक उपनिषद्लाई नै मूल विद्या मान्ने परम्परा विकसित हुँदा **मूल वैदिक परम्परामा प्रश्न उठ्ने काम** समेत उपनिषद्मा भएको।

वेद-वेदाङ्गमा प्रतिपादित विषयप्रवृत्तिनिमित्तक बन्धनको कारणभूत कर्मकाण्डात्मक विद्यालाई विनाशी, अस्थिर र अवर कर्मको संज्ञा दिएर 'यज्ञो वै श्रेष्ठतमं कर्म, यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्' भन्ने मूल वैदिक परम्परामा प्रश्न उठाउने काम उपनिषद्मा भएको :

> **प्लवा ह्येते अदृढा यज्ञरूपा अष्टादशोक्तमवरं येषु कर्म । एतच्छ्रेयो येऽभिनन्दन्ति मूढा जरामृत्युं ते पुनरेवापि यन्ति ॥**(मुं.उ. १.२.७)

---

[३१] अग्नेर्वै धूमो जायते, धूमाद् अभ्रम्, अभ्राद् वृष्टिः -श.ब्रा. ५.३.५.१७। अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपतिष्ठते। आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः ॥-मनु. ३.७६ । तु.- अन्नमेव प्रजाः, अन्नाद्धि सम्भवन्ति -श.ब्रा. २.५.१.६ । अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः । यज्ञाद् भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥-महा.भीष्मपर्व ३.१४; भगवद्गीता ३.१४ ।

[३२] अथ परा यया तदक्षरमधिगम्यते -मुं.उ. १.१.५ ।

यसरी आरण्यक वा उपनिषद्भाग मूलतः यज्ञकर्मको निषेध वा त्यसको अवरता प्रतिपादनसहित देवताज्ञान, देवतोपासना, ब्रह्मज्ञान वा आत्मज्ञानको वर्णनमा केन्द्रित ।

वेदकै एउटा भाग ब्राह्मणग्रन्थले अग्निहोत्र, दर्शपूर्णमासादि यज्ञलाई सर्वश्रेष्ठ कर्म ठान्दछ भने अर्को भाग उपनिषद्ले पुनःअग्निहोत्रादि यज्ञकर्मलाई अविद्या भन्दै यसमा आसक्त (रत) हुने व्यक्ति घोर अन्धकारमा प्रवेश गर्ने कुरा गर्दछ। अर्थात् केवल कर्ममा आसक्त व्यक्ति घोर अन्धकारमा प्रवेश गर्दछ भने कर्मबिना देवताको सैद्धान्तिक ज्ञान गर्न चाहने वा देवताको उपासनामा मात्र आसक्त हुने व्यक्ति त्योभन्दा पनि अझै ठूलो अन्धकारमा प्रवेश गर्ने कुरा व्यक्त गर्दै ज्ञान र कर्मको समुच्चय अर्थात् सत्कर्मको अनुष्ठानसहितको देवताज्ञान वा आत्मज्ञानलाई महत्त्व दिइएको देखिन्छ :

**अन्धं तमः प्रविशन्ति येऽविद्यामुपासते । ततो भूय इव ते तमो य उ विद्यायां रताः ॥ -ई.उ. ९ ।**

तत्त्वज्ञानी विभिन्न सम्प्रदायका भाष्यकारहरूले एउटै तत्त्वलाई विभिन्न किसिमले व्याख्या-विश्लेषण गरिदिंदा हामीजस्ता सर्वसाधारण अन्योलमा पर्ने अवस्था । उदाहरणका लागि हेरौं विद्या र अविद्याका विविध अर्थ :

**विद्या र अविद्याका विविध अर्थ**

**विद्या = देवताज्ञान** (परमात्मज्ञान होइन) > विद्यायामेव देवताज्ञान एव रताः अभिरताः (शां.भा., ई.उ. ९) । उपनिषद् ब्रह्मयोगी र आनन्द भट्टले शङ्करकै अर्थको समर्थन गरेका । ब्रह्मानन्द र रामचन्द्र पण्डितले यसको अर्थ **देवतोपासना** भन्ने गरेका । महीधर, शङ्करानन्द र अनन्ताचार्यले विद्याको अर्थ **आत्मज्ञान र देवताज्ञान** दुवै मानेका । उवटले **आत्मज्ञान** भन्ने अर्थ गरेका ।

**अविद्या = अग्निहोत्रादि** याज्ञिक कर्म (शां.भा., ई.उ. ९) । महीधर, आनन्द भट्ट, शङ्करानन्दादिले पनि यही अर्थ स्वीकारेका । उवटले **स्वर्गार्थक कर्म** र ब्रह्मानन्द, रामचन्द्र पण्डित, अन्तन्ताचार्यले यसको अर्थ **कर्म** मात्र गरेका ।

**११. निष्कर्षः संहिताको प्राधान्य**

वेदका संहिताग्रन्थले मूलतः प्रत्यक्ष र अनुभवजन्य प्राकृतिक तत्त्वको (अग्नि-वायु-सूर्यको) वर्णन गरी प्रकृतिपूजा र सत्कर्ममा रमाउन सिकाएका छन् भने ब्राह्मणग्रन्थ तथा कल्पसूत्रहरूले मूलतः द्रव्ययज्ञको महत्त्व प्रतिपादन गरी अप्रत्यक्ष स्वर्गको कल्पनामा रमाउन निर्देश गरेका छन् । उपनिषद्मा चाहिँ नजन्मने, नमर्ने, नित्य, शाश्वत[३३] कहीं नदेखिने, सूक्ष्मदर्शीका सूक्ष्मबुद्धिमा मात्र अवगत हुने[३४] आत्माको वर्णन तथा महत्त्वगान गरी सर्वसाधारणलाई रनभुल्लमा पारिएको देखिन्छ । अत एव सबैभन्दा सजिलो, कुनै सम्प्रदायमा नफसेको, सबैको मूल, प्रामाणिक र

---

[३३] न जायते म्रियते वा विपश्चिन्नायं कुतश्चिन्न बभूव कश्चित् । अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥ -कठ.उ. १.२.१८ ।

[३४] एष सर्वेषु भूतेषु गूढोत्मा न प्रकाशते । दृश्यते त्वग्र्यया बुद्ध्या सूक्ष्मया सूक्ष्मदर्शिभिः ॥ -कठ.उ. १.३.१२ ।

विवादरहित वेदको संहिताभाग सबैका लागि ग्राह्य, अनिन्द्य, पठनीय र मननीय छ। यसकै निर्देशनमा चल्न सके समग्र विश्वमा शान्ति, सुव्यवस्था, पर्यावरणीय सन्तुलन, मानसिक दृढता र स्पष्टता प्राप्त गर्न सकिन्छ।

## खण्ड ग : वेद र स्मृति-पुराणादि ग्रन्थमा देखिने अन्तर

### १२. कन्याको विवाहयोग्य उमेर

ऋग्वेदमा कन्यालाई आफ्नो जीवनसाथी छान्ने स्वतन्त्र अधिकार भएको कुरा स्पष्टसँग उल्लेख गरिएको छ[३५]। कन्याले पतिको इच्छा राखेपछि मात्र उनको विवाह गरिदिनुपर्ने[३६] कुरा विवाहपछिका तल्पारोहण[३७], आलिङ्गन[३८] जस्ता वैदिक प्रसङ्गहरूले स्पष्टसँग बुझाएका छन्। यसैगरी ऋग्वेद र अथर्ववेदमा मन्त्रद्रष्ट्री सूर्याले पतिको इच्छा राखेपछि उनको विवाह भएको प्रसङ्ग[३९], शुक्लयजुर्वेद-संहितामा कन्याको स्त्रीव्यञ्जन स्पष्ट भएपछि विवाहार्थ प्रस्तुत हुने कुराको उल्लेख[४०] तथा पारस्करगृह्यसूत्रमा विवाहपछि तीन दिनसम्म पति-पत्नी ब्रह्मचर्यमा बस्नुपर्ने [४१] भन्ने विधानले पनि कन्याले यौवन प्राप्त नगरी उनको विवाह नहुने कुरा छर्लङ्ग हुन्छ। धर्मसूत्रहरूमा ऋतुकालभन्दा पहिला नै कन्याको विवाह गरिदिनुपर्ने कुराको उल्लेख पाइन्छ[४२] तर योग्य वर नमिलेमा अथवा कन्या ब्रह्मवादिनी (अध्ययनशीला र विचारशीला) भएमा उनीहरू बुढीकन्या भई बसेको तथा योग्य वर पाएपछि विवाह गरेको कुरा ऋग्वेद, काण्वशाखीय बृहदारण्यक र मनुस्मृतिबाट बुझिन्छ[४३]।

---

[३५] कियती योषा मर्यतो वधूयोः परिप्रीता पन्यसा वार्येण। भद्रा वधूर्भवति यत् सुपेशाः स्वयं सा मित्रं वनुते जने चित्॥ -१०.२७.१२।

[३६] • एयमगन् पतिकामा -अ.सं. २.३०.५।
• उशतीः कन्यला इमाः पितृलोकात् पतिं यतीः -अ.सं. १४.२.५२। पतिको कामना गर्ने अर्थात् कामवासनाले पूर्ण भएकी यी कन्या पितृलोक अर्थात् पितृगृहबाट पतिगृहतिर जाँदैछिन्। (उशतीः = कामयमानाः, वश कान्तौ, कान्तिः = इच्छा)

[३७] आ रोह तल्पं सुमनस्यमानेह प्रजां जनय पत्ये अस्मै -अ.सं. १४.२.३१। हे प्रसन्न चित्त भएकी नववधू! तिमी शय्या/पलङमाथि चढ र पतिका लागि सन्तति उत्पन्न गर।

[३८] मर्यायेव कन्या शश्वचैते -ऋ. ३.३३.१०। जसरी नवोढा कन्या पतिसँग आलिङ्गन गर्न झुक्तछिन्।

[३९] सोमो वधूयुरभवदश्विनास्तामुभा वरा। सूर्यां यत् पत्ये शंसन्तीं मनसा सवितादात्॥ -अ.सं. १४.१.९ + ऋ. १०.८५.९।

[४०] कन्या इव वहतुमेतवा उ अञ्ज्यञ्जाना अभिचाकशीमि -मा.सं. १७.९७। अञ्जि -भगम्, अञ्जाना -व्यक्तं योग्यं कुर्वाणाः (अज्यते व्यक्तीक्रियते स्त्रीपुंव्यक्तिर्येन तद् अञ्जानाः) कन्या नवपरिणीता यथा वहतुं वोढारं पतिम्, एतवै एतुं प्राप्तुं गच्छति तथेति।

[४१] न मिथुनमुपेयातां द्वादशरात्रं षड्रात्रं त्रिरात्रमन्ततः -पार.गृ. १.८.२१।

[४२] द्र.- वसिष्ठ धर्मसूत्र १७.७०। बौधायन धर्मसूत्र ४.१.९२। गौतम धर्मसूत्र ३.९.२१।

[४३] द्र.- ऋ. १.११७.७; २.१७.७; १०.३९.३। का.बृ.आ. ६.६.१; ६.८.१-१२। मनु. ९.८९।

यसरी वेदका संहितामा पूर्ण यौवन प्राप्त भएपछि र कन्याको इच्छा विवाह गर्ने इच्छा भएपछि मात्र उनको विवाह हुने कुरा स्पष्ट उल्लेख भए पनि धर्मसूत्र-कालबाट यसमा शिथिलता आउँदै गर्दा स्मृतिकालमा चाहिँ यसले विकराल रूप लिएको कुरा तलका स्मृतिवचनबाट स्पष्ट अवगत हुन्छ :

**पराशरस्मृति**

अष्टवर्षा भवेद्गौरी नववर्षा तु रोहिणी ॥ ७.४ ॥दशवर्षा भवेत्कन्या अत ऊर्ध्वं रजस्वला ।

प्राप्ते तु द्वादशे वर्षे यः कन्यां न प्रयच्छति ॥ ७.५ ॥मासि मासि रजस्तस्याः पिबन्ति पितरः स्वयम् ।

माता चैव पिता चैव ज्येष्ठो भ्राता तथैव च ॥ ७.६ ॥त्रयस्ते नरकं यान्ति दृष्ट्वा कन्यां रजस्वलाम् ।

यस्तां समुद्वहेत्कन्यां ब्राह्मणो मदमोहितः ॥ ७.७ ॥

**यमस्मृति**

पितुर्गेहे तु या कन्या पश्यत्यसंस्कृता रजः । भ्रूणहत्या पितुस्तस्याः कन्या सा वृषली स्मृता ॥ ३.१८ ॥

यस्तां विवाहयेत्कन्यां ब्राह्मणो मदमोहितः । असंभष्यो ह्यपाङ्क्तेयः स विप्रो वृषलीपतिः ॥ ३.१९ ॥

प्राप्ते द्वादशमे वर्षे कन्यां यो न प्रयच्छति । मासि मासि रजस्तस्याः पिता पिबति शोणितम् ॥ ३.२० ॥

अष्टवर्षा भवेद्गौरी नववर्षा च रोहिणी । दशवर्षा भवेत्कन्या अत ऊर्ध्वं रजस्वला ॥ ३.२१ ॥

माता चैव पिता चैव ज्येष्ठभ्राता तथैव च । त्रयस्ते नरकं यान्ति दृष्ट्वा कन्यां रजस्वलाम् ॥ ३.२२ ॥

**संवर्तस्मृति**

अष्टवर्षा भवेद्गगौगरी नववर्षा तु रोहिणी। दशवर्षा भवेत् कन्या अत ऊर्ध्वं रजस्वला ॥६६॥

माता चैव पिता चैव ज्येष्ठो भ्राता तथैव च। त्रयस्ते नरकं यान्ति दृष्ट्वा कन्यां रजस्वलाम् ॥६७॥

तस्माद् विवाहयेत् कन्यां यावन्नर्तुमती भवेत्। विवाहोऽष्टमवर्षायाः कन्यायास्तु प्रशस्यते ॥६८॥

## १३. सतीप्रथाबारे वेद र पुराणका केही प्रसङ्ग

अथर्ववेदसंहिता (१८.३.१), कौशिक गृह्यसूत्र (८०.४४-४५), आश्वलायन गृह्यसूत्र (४.२.१७-१९), कौषीतकि गृ.सू.(५.३.६), बौधायन पितृमेधसूत्र (१.४-५), सत्याषाढश्रौतसू. (२८.२.१४-१५) आदि ग्रन्थहरूमा प्रेतपत्नी शवदाह गर्ने ठाउँमा मृत पतिका साथमा सुत्ने कुरा स्पष्टसँग उल्लेख गरिएको छ। जुन मन्त्र र त्यसको अर्थ यसप्रकार छ-

इयं नारी पतिलोकं वृणाना नि पद्यत उप त्वा मर्त्य प्रेतम्।
धर्मं पुराणमनुपालयन्ती तस्यै प्रजां द्रविणं च धेहि॥ (अ.सं. १८.३.१। द्र.- तै.आ. ६.३.१)।

**अर्थ** : पतिलोक रोज्ने यी नारी प्राचीन धर्मको अनुपालन गर्दै तिम्रा समीपमा सुत्छिन्, तिनलाई प्रजा र धन देऊ । किन्तु यस मन्त्रमा र माथि उल्लेख गरिएका कुनै पनि ग्रन्थहरूमा चिताका समीपमा सुतेकी पत्नीलाई पतिसँगै जलाउने कुरा उल्लेख भएको देखिँदैन । बरु चितामा सुतैकी मृतककी पत्नीलाई देवरादि व्यक्तिहरूले उठाउने (उठाएर घरमा लैजाने) कुरा यसपछि आउने अ.सं.कै दोस्रो मन्त्रमा व्यक्त भएको छ-

उदीर्ष्व नार्यभि जीवलोकं गतासुमेतमुपशेष एहि ।
हस्तग्राभस्य दधिषोस्तवेदं पत्युर्जनित्वमभि सं बभूथ ॥ (अ.सं. १८.३.२ । द्र.- ऋ. १०.१८.८) ।

**मन्त्रको भावार्थ** : मृत्युलोकतिर अभिमुख हुन थालेकी हे नारि ! तिमी उठेर जीवलोकतिर अभिमुख होऊ, किनकि तिमी प्राणहीन पतिका साथमा शयन गर्नुभन्दा (उसका पछाडि लाग्नुभन्दा) तिम्रो पाणिग्रहण गरेको पतिले भरणपोषण गर्नुपर्ने उसैका सन्तानतिर ध्यान दिँदै आफूलाई सम्हाल ।

**गरुडपुराण प्रेतखण्डमा चाहिँ सतीप्रथाको प्रशंसायसरी गरिएको छ** :

ऊनद्विवर्षं निखनेन्न कुर्यादुदकं ततः ।योषित्पतिव्रता या स्याद्भर्तारं यानुगच्छति ॥ २,४.८९ ॥

प्रयोगपूर्वं भर्तारं नमस्कृत्यारुहेच्चितिम् । चितिभ्रष्टा तु या मोहात्सा प्राजापत्यमाचरेत् ॥ २,४.९० ॥

तिस्रः कोट्योर्धकोटी य यानि लोमानि मानुषे । तावत्कालं वसेत्स्वर्गे भर्तारं यानुगच्छति ॥ २,४.९१ ॥

व्यालग्राही यथा व्यालं बिलादुद्धरते बलात् । तद्वदुद्धृत्य सा नारी तेनैव सह मोदते ॥ २,४.९२ ॥

तत्र सा भर्तृपरमा स्तूयमानाप्सरोगणैः । क्रीडते पतिना सार्धं यावदिन्द्राश्चतुर्दश ॥ २,४.९३ ॥

ब्रह्मघ्नो वा कृघ्नो वा मित्रिघ्नो वा भवेत्पतिः । पुनात्यविधवा नारी तमादाय मृता तु या ॥ २,४.९४ ॥

मृते भर्तरि या नारी समारोहेद्धुताशनम् । सारुन्धतीसमाचारा स्वर्गलोके महीयते ॥ २,४.९५ ॥

यावच्चाग्नौ मृते पत्यौ स्त्री नात्मानं प्रदाहयेत् । तावन्न मुच्यते सा हि स्त्रीशरीरात्कथञ्चन ॥ २,४.९६ ॥

मातृकं पैतृकं चैव यत्र चैव प्रदीयते । कुलत्रयं पुनात्येषा भर्तारं यानुगच्छति ॥ २,४.९७ ॥

आर्तार्ते मुदिते हृष्टा प्रोषिते मलिना कृशा । मृते म्रियेत या पत्यौ सा स्त्री ज्ञेया पतिव्रता ॥ २,४.९८ ॥

**पद्मपुराण पातालखण्ड** (६) **को अध्याय १०६ मा सतीप्रथाको प्रशंसा पर्याप्त मात्रामा गरिएको छ, जसका केही श्लोकमात्र यहाँ प्रस्तुत छन्** :

पापंयदिकृतंभद्रे परपूरुषसेवनम् । एतद्विशुद्धयेपुत्रिप्रायश्चित्तंसमाचर ६७

तवोपपातकव्रातनाशोवह्निप्रवेशनात् । नान्यत्पश्यामिनारीणांसर्वपापोपशांतये ६८

इंद्रादयोदिशांपालामातर्मेदिनिभास्कर । धर्मादयःसुराःसर्वेशृणुध्वंममभाषितम् ९१

पाणिपीडनमारभ्यचैतदंतमहर्निशम् । वाङ्मनःकर्मभिर्भर्तासेवितोयदिभक्तितः ९२

व्यभिचारोयथानस्यादवस्थात्रितयेमम । तेनसत्येनमेपत्यासार्द्धंयानंप्रयच्छत ९३

इत्युक्त्वाथस्वहस्ताग्रपुष्पकंद्रुतमाक्षिपत् । प्रविष्टाज्वलनंदीप्तमथापश्यद्विमानकम् ९४

सूर्येणसममुत्कृष्टमप्सरोगीतशोभितम् । आरुरोहविमानंसाभर्त्रासाकंदिवंययौ ९५

अग्निप्रवेशशुद्धानांपुनश्चनरकःकथम् । अग्निप्रवेशात्सर्वेषांपापानांनाशनंभवेत् ९९

## १४. रुद्रद्वारा विषपान

इतिहास-पुराणादि परवर्ती साहित्यमा रुद्रले (शिवले) विषपान गरेको प्रसङ्ग प्रसिद्ध छ । यसको बीज ऋग्वेदमा प्राप्त हुने भए पनि यो वस्तुतः हलाहल विष नभएर सूर्यात्मक रुद्रद्वारा गरिएको पार्थिव जलको पान (शोषण) हो । वेदमा पार्थिव अग्निका धुवाँलाई, मध्यम अर्थात् वायुरूप अग्निका धूलकणलाई अथवा मध्यम (अन्तरिक्षस्थानीय) अग्निका विद्युद्रूपी रेखालाई र सूर्यरूप अग्निका किरणलाई केश (जटा) मानी उक्त **तीनवटा अग्निलाई 'केशी'** भनिएको छ । **यिनै केशी अर्थात् सूर्यात्मक अग्निले** वायूवात्मक अग्निसँग (मरुद्गणसँग) वा वैद्युताग्निसँग मिलेर **किरणरूपी पात्रद्वारा विषरूपीपार्थिव जलको पान गरेको** (वायुका सहायताबाट आफ्ना किरणद्वारा पार्थिव जलको शोषण गरेको) **कुरा ऋग्वेदमा** बताइएको छ ।

## १५. रुद्रका आयुध (**शिवको त्रिशूल के हो ?**)

वेदमा रुद्रका आधुधमध्ये **तीखो बाण, निषङ्ग** (खड्ग वा बाण) **सृक नामक वज्र 'पिनाक' नामक शब्दायमान धनु** इत्यादिको उल्लेख प्राप्त हुन्छ । तर परवर्ती साहित्यमा प्रसिद्ध त्रिशूलधारी शिवको वर्णन त्यस्तै रूपमा प्राप्त हुँदैन । अर्थात् रुद्रका आयुधमध्ये परवर्ती साहित्यमा प्रसिद्ध त्रिशूल शब्दकै उल्लेख वेदमा प्राप्त नभए पनि यहाँ त्रिशूलको रहस्य चाहिँ प्राप्त हुन्छ । कृष्णयजुर्वेदको तैत्तिरीयसंहितामा अग्न्यात्मक रुद्रसँग अगाडि (प्रतीची), पछाडि (अनूची) र दुई पार्श्वबाट (तिरश्ची) प्रहार गरिने **तीनवटा शरस्थानीय शूल** अर्थात् निसाना (तिस्रः शरव्याः) भएको कुरा उल्लेख छ । महाभारतमा पनि **शिवको धनु वा बाणलाई 'त्रिपर्वन्'** (तीनवटा ग्रन्थि वा सन्धि भएको) तथा **'त्रिशल्य'** (धनु वा बाणका तीनवटा अग्रभाग) भनिएको छ । यसप्रकार रुद्र वस्तुतः अग्नि नै भएकाले उनको **त्रिशूललाई अन्तरिक्षस्थ वैद्युताग्नि, तिर्यग्गामी सौर्याग्नि र ऊर्ध्वगामी पार्थिवाग्निका तेजको प्रतीक** मान्न सकिन्छ ।

## १६. इन्द्र र वृत्रको सङ्घर्ष के हो ? (**देवासुर सङ्ग्राम**)

पुराणहरूमा इन्द्र र वृत्रको ठूलो युद्ध भएको कुरा सर्वविदित जस्तै छ । इन्द्र भनेका अन्तरिक्षस्थानीय वायु हुन् भन्ने कुरा निरुक्तमा स्पष्ट भाषामा उल्लेख छ (तिस्र एव देवता इति नैरुक्ताः, अग्निः पृथिवीस्थानो **वायुर्वेन्द्रो वाऽन्तरिक्षस्थानः**सूर्यो द्युस्थानः- ७.५.१-२) । यिनै इन्द्रलाई वेदका अनेकौं मन्त्रहरूले अग्नि र सूर्य भनी स्पष्ट

शब्दमा चिनाएका छन् । अत एव इन्द्रलाई **हामी अन्तरिक्षस्थानीय वायु, वैद्युताग्नि वा सौर्य अग्नि जे भनेर पनि बुझ्न सक्तछौं । वृत्र भनेको पनि कुनै राक्षस नभएर मेघ हो** भन्ने कुरा वेदका कतिपय मन्त्र र देवतातत्त्वको गम्भीर चिन्तन गर्ने निरुक्तशास्त्रले स्पष्ट पारेको देखिन्छ । हेरौं निरुक्तको वचन :

> **तत्को वृत्रः ? मेघ इति नैरुक्ताः, त्वाष्ट्रोऽसुर इत्यैतिहासिकाः । अपां च ज्योतिषश्च मिश्रीभावकर्मणो वर्षकर्म जायते । तत्रोपमार्थेन युद्धवर्णा भवन्ति** -निरुक्त २.१६.२ ।

**यस वचनको अर्थ** : वृत्र भनेको के हो ? निरुक्तकारहरूका अनुसार वृत्र भनेको मेघ हो भने ऐतिहासिकहरू चाहिँ वृत्र भनेको त्वष्टाको पुत्र असुर हो भन्दछन् । वस्तुतः मेघका (बादलका) अन्तर्वर्ती जलकण र वैद्युत अग्नि मिलेपछि (यिनको घर्षणपछि) पृथ्वीमा वर्षा हुन्छ । अर्थात् वायुद्वारा आवेष्टित (वायुभित्रको) इन्द्र नामक ज्योतिको (वैद्युताग्निको) प्रहारपछि त्यहाँका जलकण वर्षाका रूपमा पृथ्वीमा खस्छन् । यसरी मेघान्तरवर्ती जलकण (वृत्र) र वायुवात्मक ज्योति अर्थात् वैद्युताग्निको (इन्द्रको) पारस्परिक द्वन्द्वलाई उपमाद्वारा युद्धको आलङ्कारिक वर्णन गरिएको हो ।

**वस्तुतः इन्द्रका** (सूर्यका) **कुनै शत्रु नै भएको कुरा ऋग्वेदको निम्नलिखित मन्त्रमा सुस्पष्ट उल्लेख छ** :

> यदचरस्तन्वा वावृधानो बलानीन्द्र प्रब्रुवाणो जनेषु ।
> मायेत्सा ते यानि युद्धान्याहुर्नाद्य शत्रुं ननु पुरा विवित्से ॥ -ऋ. १०.५४.२

हे इन्द्र ! तिमीले आफ्नो शरीरलाई बढाएर (तन्वा वावृधानः) प्राणीहरूमा (जनेषु) म बलशाली छु भन्दै वृत्रवधादिरूप जुन सामर्थ्य देखाएका छौ (बलानि प्रब्रुवाणः यत् अचरः), यो तिम्रो मायामात्र हो (माया इत् सा ते) । इन्द्रले शत्रुसँग युद्ध गरे भनी ऐतिहासिकहरूले जुन कुरा गर्दछन् (यानि युद्धानि आहुः) त्यो पनि मायामात्रै हो । न त अहिले तिम्रा कुनै शत्रु छन् (न अद्य शत्रुम्), न त पहिला तिम्रा कुनै शत्रु थिए (ननु पुरा विवित्से) ।

यही मन्त्र माध्यन्दिनशतपथब्राह्मणमा (११.१.६.१०) यसरी उद्धृत गरिएको छ :

> न त्वं युयुत्से कतमच्च नाहर्न्न तेऽमित्रो मघवन् कश्चनास्ति ।
> मायेत्सा ते यानि युद्धान्याहुर्न्नाद्य शत्रून्ननु पुरा युयुत्से ॥

**सायणभाष्यानुकूल यस मन्त्रको अर्थ** :

हे इन्द्र ! तिम्रो कोही पनि प्रतिद्वन्द्वी नभएकाले तिमीले कसैसँग पनि युद्ध गरेनौ (त्वं न युयुत्से) र कुनै पनि शत्रुसेनालाई मारेनौ (कतमच्च नाहः) । हे मघवन् इन्द्र ! तिम्रो प्रकृतसृष्टिदेखि नै कोही पनि शत्रु छैन (मघवन् ते कश्चन अमित्रः अस्ति) । वृत्रादि असुरसँग तिम्रो युद्ध भएको कुरा जसले गर्दछन् (यानि युद्धानि आहुः), त्यो मायामात्र हो (माया इत् सा) । तिमीले न त अहिले, न त पहिले कुनै शत्रुलाई प्रहार गरेका छौ (न अद्य शत्रून् ननु पुरा युयुत्से) ।

## १७. गरुड को हुन् ?

ऋग्वेदमा अग्निलाई नै द्युलोकका श्येनसदृश दिव्य सुपर्ण आकाशीय पक्षी (वायस = काग) र वृष्टिजलका उत्पादक भनिएको । शुक्लयजुर्वेद-माध्यन्दिनसंहितामा अग्निलाई नै तिमी श्येन बनेर आकाशमा उड, तिमी सुपर्ण र गरुड पक्षीजस्तै भएर आकाशतर्फ द्युलोकमा जाऊ भनिएको । शतपथब्राह्मणमा पनि भाष्यकार सायणले अग्निलाई नै प्रबल पखेटा भएका गरुड र सुपर्ण पक्षी भनेका । वेदका यस्ता अनेकौं प्रमाणले यज्ञीय अग्निलाई नै सुपर्ण पक्षी गरुड भनिएको कुरा स्पष्ट हुन्छ ।

अग्नि सबै देवतामा प्रथम र मुख्य देवता तथा देवताका होता भएकाले यिनका माध्यमबाट सबै देवतालाई आह्वान गरिन्छ । अनि मुखबाट भोजन गरिएको भोज्य वस्तु शरीरका विभिन्न अङ्ग-प्रत्यङ्गमा सञ्चरित भएजस्तै अग्नि सबै देवताका मुख पनि भएकाले यहाँ (अग्निमा) समर्पण गरिएको हवि सबै देवतासम्म पुग्दछ । यसका साथै **वेदमा यज्ञलाई विष्णु भनिएको** छ । यसप्रकार यज्ञरूप विष्णुको वहन गरी अर्थात् **यज्ञको सारभाग हविलाई धूमका रूपमा वहन गरी स्वर्गीय देवतासम्म (अन्तरिक्षमा) पुर्‍याउने काम अग्निबाट सम्पन्न हुने भएकालेवेदमा अग्निलाई विष्णुरूप यज्ञका वाहन (गरुड पक्षी) भनिएको** हो ।

यसरी वेदमा अग्निलाई नै विष्णुका वाहन गरुड भनिएको छ भने **परवर्ती कालमा यिनै अग्निलाई मानवीकरण गरेर हनुमान्लाई जस्तै अर्ध–पक्षी र अर्ध–मानवका रूपमा कल्पित गरिएको** पाइन्छ । गुप्तकालिक गारुडोपनिषद्का श्लोक ५-८ मा **गरुडलाई पूर्ण मानवका रूपमा चित्रित** गरिएको छ भने पुराणहरूमा पक्षी र मानवरूपी गरुडलाई अनेक प्रकारका युद्धमा सक्रिय भाग लिएर आफ्ना नङ तथा चञ्चुप्रहारद्वारा दानवहरूलाई भगाएको र भगवान् विष्णुको रक्षा गरेको कुरा उल्लिखित छ । विष्णुपुराण ५.३० को उल्लेखअनुसार पारिजातहरणका अवसरमा भएको कृष्ण र इन्द्रका युद्धमा गरुड ऐरावतसँग लड्छन्, वरुणका नागपाशलाई टुक्रा-टुक्रा पारिदिन्छन् र चुच्चो, प्वाँख तथा नङ्ग्राद्वारा चिथोर्दै देवतालाई भगाउँदछन् :

**विष्णुपुराण**

> पाशं सलिलराजस्य समाकृष्यीरगात्पुनः । चकार खण्डशश्चञ्च्वा बालपन्नगदेहवत् ॥ ५.३०.५९ ॥
> गरुत्मानपि तुण्डेन पक्षाभ्यां च नखाङ्कुरैः । भक्षयंस्ताडयन् देवान् दारयंश्च चचार वै ॥ ५.३०.६४ ॥
> गरुडको भोजन सर्प हो भने उनको वेग वायुको भन्दा अधिक छ । उनको शरीर पर्वतजस्तै विशाल छ भने प्वाँख रङ्गी-विरङ्गी छन् । उनी आकाशमा उड्दा इन्द्रधनुष नै उडेको भान हुन्छ ।

**मत्स्यपुराण**

> स कश्यपस्यात्मभुवं द्विजं भुजगभोजनम् । पवनाधिकसंपातं गगनक्षोभणं खगम् ॥ १७४.४० ॥
> भुजगेन्द्रेण वदने निविष्टेन विराजितम् । अमृतारम्भनिर्मुक्तं मन्दराद्रिमिवोच्छ्रितम् ॥ १७४.४१ ॥

देवासुरविमर्देषु बहुशो दृष्टविक्रमम् । महेन्द्रेणामृतस्यार्थे वज्रेण कृतलक्षणम् ॥ १७४.४२ ॥
शिखिनं बलिनं चैव तप्तकुण्डलभूषणम् । विचित्रपत्रवसनं धातुमन्तमिवाचलम् ॥ १७४.४३ ॥
स्फीतक्रोडावलम्बेन शीतांशुसमतेजसा । भोगिभोगावसक्तेन मणिरत्नेन भास्वता ॥ १७४.४४ ॥
पक्षाभ्यां चारुपत्राभ्यामावृत्य दिवि लीलया । युगान्ते सेन्द्रचापाभ्यां तोयदाभ्यामिवाम्बरम् ॥ १७४.४५ ॥

**गरुडपुराणमा** गरुडलाई विनताका पुत्र विष्णुभगवान्का वाहन पक्षिराज हुन् भनिएको छ :

गरुड उवाच ।

मम माता च विनता नागैर्दासीकृता हरे । यथाहं देव ताञ्जित्वा चामृतं ह्यानयामि तत् ॥ १,२.५० ॥
दास्याद्विमोक्षयिष्यामि यथाहं वाहनस्तव । महाबलो महावीर्यः सर्वज्ञो नागदारणः ॥ १,२.५१ ॥
पुराणसंहिताकर्ता यथाहं स्यां तथा कुरुं ॥

## १८. निष्कर्ष

यसरी वेद-वेदाङ्ग र उपाङ्गको अन्तर्सम्बन्ध हुँदा हुँदै पनि लामो समयको अन्तरालमा भौगोलिक, सामाजिक, आर्थिक, राजनैतिक आदि अनेकौं कारणले वेदका संहिताग्रन्थ र स्मृति-पुराणहरूमा प्रतिपादित कतिपय विषयमा असामञ्जस्य रहेको सुस्पष्ट देखिन्छ । वेदानुकूल नभएका कुरा अमान्य हुन्छन् भन्ने शास्त्रसम्मत धारणालाई समेत बेवास्ता गर्दै हामी निश्चित वेद, उपनिषद्, पुराण र स्मृतिका अति सीमित विषयलाई सर्वस्वका रूपमा स्वीकारेर अघि बढ्न खोज्दा भारतवर्षमा अनेक प्रकारका सम्प्रदाय खडा भएर साम्प्रदायिक द्वन्द्वसमेत निम्तिएको इतिहास सर्वविदितै छ ।

अत एव कुनै सम्प्रदायको दागै नलागेका र लगाउनै नसकिने वैदिक संहिताका र केही अंशमा ब्राह्मणग्रन्थका समेत विषयवस्तुको गम्भीर अध्ययन-मनन र चिन्तन गरी यी अमूल्य ग्रन्थरत्नमा रहेका अथाह सम्पत्तिको उपयोग गर्न फुर्सदिला, जिज्ञासु, समाजलाई केही दिन आतुर विद्वान् र विशिष्ट प्रतिभा भएका युवा अनुसन्धाताहरू वैदिक संहिताका विषयवस्तुको अध्ययन-अनुसन्धानमा लाग्नुपर्छ ।

## सङ्केतसूची

| | | | | | |
|---|---|---|---|---|---|
| अ.सं. | अथर्ववेदसंहिता | तै.उ. | तैत्तिरीयोपनिषद् | मा.सं. | शुक्लयजुर्वेद-माध्यन्दिनसंहिता |
| ई.उ. | ईशावास्योपनिषद् | तै.सं. | तैत्तिरीयसंहिता | मी.सू. | मीमांसासूत्र-दर्शन |
| ऋ. | ऋग्वेदसंहिता | पार.गृ. | पारस्करगृह्यसूत्र | मुं.उ. | मुण्डकोपनिषद् |
| कठ.उ. | कठोपनिषद् | पू.मी. | पूर्वमीमांसासूत्र | विष्णुपु. | विष्णुपुराण |
| का.बृ.आ. | काण्वशाखीय बृहदारण्यक | भविष्यपु. | भविष्यपुराण | व्या.म.भा. | व्याकरणमहाभाष्य |

| | | | | | |
|---|---|---|---|---|---|
| का.श्रौ. | कात्यायनश्रौतसूत्र | भाग. | भागवतपुराण | श.ब्रा. | शतपथब्राह्मण |
| गो.ब्रा. | गोपथब्राह्मण | मनु. | मनुस्मृति | शां.भा. | शाङ्करभाष्य |
| तै.आ. | तैत्तिरीयारण्यक | महा. | महाभारत | | |

## सन्दर्भ सूची


अथर्ववेद (शौनकीय-संहिता, १-४ भाग, सायणभाष्यसहित), सम्पा. विश्वबन्धु, (विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होशिआरपुर, सन् १९६०-१९६४ ।

ईशाद्यष्टोत्तरशतोपनिषदः (१०८ उपनिषद्को सङ्ग्रह), सम्पा. वासुदेव शर्मा, चौखम्बा विद्याभवन, वाराणसी, सन् १९९१ ।

ईशावास्योपनिषद् (भूमिका, मूलमन्त्र, शाङ्करभाष्य, अन्वयार्थ, विस्तृत व्याख्या, टिप्पणीं तथा आंग्लानुवादसहित) -डा. शशि तिवारी, भारतीय विद्या प्रकाशन, दिल्ली १९९७ सन् ।

ऋग्वेदसंहिता (शैशिरीय-शाकलशाखीय, सायणभाष्य र पदपाठसहित, १-४ भाग), सम्पा. नारायण शर्मा सोनटक्के, चिन्तामणि गणेश काशीकरलगायत, वैदिक संशोधन मण्डल, पूना, सन् १९३३-१९४६ ।

ऐतरेयब्राह्मण (सायणभाष्य र हिन्दी व्याख्यासहित, १-२ भाग), सम्पा. सुधाकर मालवीय, तारा प्रिंटिंग वर्क्स, वाराणसी, सन् १९८० ।

कात्यायनश्रौतसूत्र (विद्याधरवृत्तिसहित), चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९९० ।

गरुडमहापुराण, सम्पा. पं. रामतेज पाण्डेय, चौखम्बा विद्याभवन, वाराणसी, सन् २०१४ ।

गोपथब्राह्मण (हिन्दी टीकासहित), सम्पा. डा. प्रज्ञादेवी एवं मेधादेवी, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९९३ ।

गौतमधर्मसूत्र (मस्करीभाष्यसहित), सम्पा. एल. श्रीनिवासाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९१७ ।

तैत्तिरीयब्राह्मण (सायणभाष्यसहित, १-३ भाग), सम्पा. नारायण शास्त्री गोडबोले, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १८९८ ।

तैत्तिरीयसंहिता (सायणभाष्यसहित, १-९ भाग), सम्पा. काशीनाथ शास्त्री आगाशे, आनन्दाश्रम मुद्रणालय, द्वितीय संस्क. सन् १९४०-१९५१ ।

तैत्तिरीयारण्यक (सायणभाष्यसहित, १-२ भाग) सम्पा. बाबा शास्त्री फडके, आनन्दाश्रम मुद्रणालय, पूना, सन् १९२६-१९२७ ।

निरुक्त (निघण्टुपाठ र दुर्गावृत्तिसहित) सम्पा. छोटूपति त्रिपाठी शर्मा, वेंकटेश्वर मुद्रणालय, मुम्बयी, वि.सं. १९६९ ।

पद्मपुराण (१-४ भाग), सम्पा. विश्वनाथ नारायण, आनन्दाश्रम, सन् १८९३-१८९४ ।

पाणिनीयव्याकरणमहाभाष्य (पतञ्जलिविरचित, कैयटको प्रदीप र नागेश भट्टको उद्योतसहित, १-६ भाग), सम्पा. भार्गव शास्त्री, पं. शिवदत्त शर्मा, पं. रघुनाथ शास्त्री र पं. दधिराम शर्मा, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८७-८८ ।

पारस्करगृह्यसूत्र (पाँच भाष्य र श्राद्धसूत्रादि परिशिष्टसहित), सम्पा. महादेव शर्मा बाक्रे, मुन्शीराम मनोहरलाल पब्लिशर्स प्रा.लि., दिल्ली, सन् १९८२ ।

बृहदारण्यकोपनिषद्, गीताप्रेस, गोरखपुर, वि.सं. २०६१ ।

बोधायनधर्मसूत्र (गोविन्दस्वामीको 'विवरण' सहित), सम्पा. एल. श्रीनिवासाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९०७ ।

ब्रह्माण्डमहापुराण, सम्पा. डा. के. वी. शर्मा, कृष्णदास अकादमी, वाराणसी, सन् २००० ।

भविष्यमहापुराण (१-२ भाग), खेमराज श्रीकृष्णदास, वेंकटेश्वर यन्त्रालय, मुम्बयी, सन् १८९६-१८९७ ।

भागवतमहापुराण (मूलमात्र), गीताप्रेस, गोरखपुर, वि.सं. २०२२ ।

मत्स्यपुराण, सम्पा. आनन्दाश्रमका पण्डितहरू, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९०७ ।

मनुस्मृति (कुल्लूकवृत्तिसहित), चौखम्बा संस्कृत संस्थान, वाराणसी, वि.सं. २०५७ ।

महाभारत (नीलकण्ठकृत टीकासहित) चित्रशाला मुद्रणालय, पूना, सन् १९२९-१९३६ ।

मीमांसादर्शन (श्रीमज्जैमिनिप्रणीतमीमांसादर्शनम्), (शाबरभाष्य, तन्त्रवार्तिक र टुप्टीकासहित, १-७ भाग), सम्पा. सुब्बा शास्त्री, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९२९-१९३४ ।

वासिष्ठधर्मशास्त्र, सम्पा. अलोइस यान्टोन फ्युरर, गवर्नमेन्ट सेन्ट्रल बुक डिपो, बम्बई, सन् १८८३ ।

विष्णुमहापुराण, सम्पा. डा. राजेन्द्रनाथ शर्मा, नाग प्रकाशक, दिल्ली, पुनर्मुद्रण सन् १९८५ ।

वेदान्तसन्दर्भ (वेदान्तपरक विशिष्ट ग्रन्थों व प्रकरणों का संकलन), महेश अनुसन्धान संस्थान, माउण्ट आबू, वाराणसी, सन् १९८९ ।

वैदिक धर्म मूल रूपमा, शिवराज आचार्य, (स्वाद्धयायशाला, काठमाडौं, वि.सं. २०६२ ।

वैदिक साहित्य और संस्कृति, बलदेव उपाध्याय, शारदा संस्थान, दुर्गाकुण्ड, वाराणसी, सन् १९९३ ।

शतपथब्राह्मण (माध्यन्दिन-शतपथब्राह्मणम्), (हरिस्वामी, सायणादिको भाष्यसहित, १-५ भाग), सम्पा. विभित्र विद्वान्हरू, गङ्गाविष्णु श्रीकृष्णदास, बम्बई, सन् १९४० । पुनर्मुद्रण : नाग प्रकाशक, दिल्ली, सन् २००२ ।

शुक्लयजुर्वेदमाध्यन्दिनसंहिता (उवट-महीधरभाष्यसहित), सम्पा. जगदीश-लाल शास्त्री, मोतीलाल बनारसीदास, वाराणसी, सन् १९७१ ।

स्मृतिसन्दर्भ (१-६ भाग), नाग प्रकाशक, दिल्ली, सन् १९८८ ।